**कोरोना भाइरससम्बन्धी गण्डकी प्रदेशको अवस्था**
**कास्की । ०७७ वैशाख ९ गते**
गण्डकी प्रदेशमा वैशाख ९ गतेबाट प्रदेशको मुख्यद्वार मानिने आबुँखैरेनी गाउँपालिकाको मुग्लिङमा हरेक सवारी साधनलाई सेनेटाइजर स्प्रे गरेर मात्रै प्रदेशमा भित्राउने व्यवस्था सुरू गरिएको छ ।

**इन्सेक कास्की जिल्ला प्रतिनिधि सुशन घिमिरेका** अनुसार कास्कीमा कुल ६ सय ५९ जनाको र्‍यापीड डाइगनोष्टिक टेष्ट किटबाट कोरोना परीक्षण गरिएको छ । वैशाख ९ गते १ सय ५१ जनाको स्वाब परीक्षण गरिएको मध्ये १ सय ४८ जनाको रिपोर्ट नेगेटिभ आएको छ भने तीन जनाको नतिजा आउन बाँकी रहेको गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयका प्रमुख डा बिनोदबिन्दु शर्माले जानकारी दिनुभयो ।
पोखरा महानगरपालिकाले जिल्ला प्रहरी कार्यालय कास्कीलाई स्वचालित सेनिटाइजर टनेल जडान गरी हस्तान्तरण गरेको छ । होलबडीलाई पाचँ सेकेन्डमा सेनिटाइज गरी मानिसको कपडामा भएको भाइरसलाई मार्ने स्वचालित सेनेटाइजर टनेल निर्माण गरी पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर जिसीले कास्कीका प्रहरी प्रमुख दानबहादुर कार्कीलाई उक्त टनेल वैशाख ९ गते हस्तान्तरण गर्नुभएको हो ।
रूपा गाउँपालिकाले गाउँपालिकाका प्रत्येक घरलाई तरकारीका बिउबिजन निःशुल्क वितरण गर्ने र प्रत्येक जनताको घरमै पुगेर स्वास्थ्य परीक्षण गर्ने अभियान अगाडि बढाएको छ । प्रत्येक घरमा कम्तीमा ४० वटा बोट हुने गरी तरकारीका बिउबिजन वितरण गर्न लागिएको गाउँपालिका अध्यक्ष नवराज ओभ्फाले जानकारी दिनुभयो । अध्यक्ष ओभ्फाका अनुसार रूपा गाउँपालिकामा, स्वास्थ्य सेवा घरघरमा उद्घोषका साथ सबै घरमा स्वास्थ्यकर्मीद्वारा चेक जाँच गरिने कार्यक्रम पनि सुरू गरिएको हो । गाउँपालिका भित्र करिब ६ हजार घरधुरी रहेका छन् ।
नव आदर्श सामुदायिक समाज, पोखरा महानगरपालिका वडा कार्यलय १९, जिल्ला प्रहरी कार्यलय कास्की प्रमुख दान बहादुर कार्की लगायतको पहलमा पोखरा मनपा-१६ लामाचौरको इन्द्रराज्य मावि मा वैशाख ८ गते मुस्ताङको घासा देखि हिँड्रे आइपुगेका १० जना मजदुर र लामाचौरमा रहेका अन्य तीन जना समेतलाई बसको व्यवस्थापन गरी कोहलपुर पठाइएको छ ।
मानव अधिकारीको अवस्थालाई ध्यानमा राखेर कास्की जिल्लामा आम सर्वसाधारण नागरिक सुरक्षा र सरकारी निकायलाई जटिल परिस्थिति सुभ्फाव दिन जिल्ला स्तरीय मानव अधिकार अनुगमन समिति बनेको छ । गैरसरकारी संस्था महासघंका अध्यक्ष पदमराज पहारी संयोजक रहेको समितिमा पत्रकार महासंघ कास्की अध्यक्ष दिपेन्द्र श्रेष्ठ, नेपाल वार एसोसिएसन कास्की अध्यक्ष मुक्तिनाथ सापकोटा, इन्सेक गण्डकी प्रदेशकी कार्यक्रम अधिकृत सवनम शर्मा लगायतका सदस्य रहेका छन् । कोरोना भाइरस रोकथाम न्यूनीकरण, सचेतना तथा राहत वितरणका लागि सरोकारवाला निकायलाई समितिले सहयोग गर्ने छ ।

**इन्सेक बागलुङ जिल्ला प्रतिनिधि सृजना पन्त**का अनुसार बागलुङमा कोरोना भाइरसको न्यूनीकरण सम्बन्धी समिक्षा बैठक सम्पन्न भएको छ । बैठकमा हालसम्म गरिएका काम र आगामी योजनाको बारेमा छलफल गरिएको थियो ।
बैठकमा कोरोना रोकथाम तथा व्यवस्थापनको लागि सरकारले लकडाउन घोषणा गरेपछि दैनिक जीविकोपार्जनमा समस्या परेका जिल्लाका ११ हजार ६ सय ४४ परिवारलाई राहत वितरण गरिएको प्रतिवेदन प्रस्तुत गरिएको थियो ।

बैठकले जिल्लाका १० ओटै स्थानीयतहमा मापदण्ड पुगेका एकएक ओटा क्वारेण्टाइन निर्माण गर्ने तथा औषधि र स्वास्थ्य सामग्री व्यवस्थापन गर्ने निर्णय गरेको छ ।
बैठकले जिल्लामा रहेका १३ वटा एम्बुलेन्सलाई कोरोना फ्रेन्डली बनाउने र आवश्यक पर्दा प्रयोग गर्न सकिने बनाउने निर्णय गरेको छ ।

**इन्सेक गोरखा जिल्ला प्रतिनिधि हरिराम उप्रेती**का अनुसार वैशाख ९ गते पालुङटार नगरपालिकामा १३ जना र आरूघाट गाउँपालिकामा तीन जनाको र्‍यापीड डाइगनोष्टिक टेष्ट किटबाट कोरोना परीक्षण गरिएको छ । परीक्षण गरिएको १३ जना मध्ये ११ जनाको रिपोर्ट नेगेटिभ आएको छ भने दुई जनाको रिपोर्ट आउन बाँकी रहेको स्वास्थ्य कार्यालय गोरखाका कोरोना फोकल पर्सन नारायण बाबु अर्यालले बताउनुभयो ।
वैशाख ६ गते घर पठाइएका शहिद लखन गाउँपालिका-७ वुकोटको शहिद स्मृति माविको सामूहिक क्वारेण्टाइनमा रहेकाहरूलाई फेरि वैशाख ८ गते क्वारेण्टाइनमै फिर्ता ल्याइएको छ । क्वारेण्टाइनमा रहेकाहरूको विषयलाई लिएर आलोचना भएपछि वैशाख ४ र ५ गते नारायणगढ र काठमाडौंबाट आएका सात जनालाई वडा अध्यक्षहरूले होम क्वारेण्टाइनमा पठाएका थिए ।
वैशाख ७ गते भएको गाउँकार्यपालिकाको बैठक र वैशाख ८ गते वडा स्तरीय सर्वपक्षिय बैठकपछि उनीहरूलाई पुनःक्वारेण्टाइनमा फिर्ता ल्याइएको शहिद लखन गाउँपालिका-७ का वडा अध्यक्ष शरण श्रेष्ठले बताउनुभयो ।

**इन्सेक नवलपरासी (बर्दाघाट सुस्ता पूर्व) जिल्ला प्रतिनिधि तिर्थराज डुम्रे**का अनुसार वैशाख ९ गते ९६ जनाको र्‍यापीड डाइगनोष्टिक टेष्ट भएको छ । योसँगै जिल्लामा हालसम्म ४ सय ९८ जनाको र्‍यापीड डाइगनोष्टिक टेष्ट किटबाट कोरोना परीक्षण गरिएको छ । वैशाख ९ गते थप पाचँ जनाको स्वाब परीक्षणको लागि कोरोना अस्पताल भरतपुर पठाइएको छ । परीक्षण गरिएको सबैको रिपोर्ट नेगेटिभ देखिएको जिल्ला स्वास्थ्य कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व) का प्रमुख केशवप्रसाद चापागाईंले बताउनुभयो । हालसम्म जिल्लामा ४५ जनाको स्वाब परीक्षण गरिएको छ ।

**इन्सेक पर्वत जिल्ला प्रतिनिधि सन्तोष थापा**का अनुसार महामारीका रूपमा विश्वमा फैलिरहेको कोरोना नियन्त्रण तथा रोकथामका लागि आवश्यक पर्ने स्वास्थ्यजन्य सामग्री पर्वतमा सहज रूपमा उपलब्ध छैन । पर्वतका अधिकांश स्वास्थ्य संस्थामा स्वास्थ्य जाँच गर्न पर्याप्त सामग्री तथा ज्वँरो नाप्ने एउटा थर्मल गन बिना स्वास्थ्यकर्मीले काम गरिरहेका छन् । यसबाहेक एन ९५ मास्क, पीपीई समेत पर्याप्त नभएको स्वास्थ्यकर्मीको गुनासो छ ।
कुश्मा नगरपालिका-१२ ठुलीपोखरीमा रहेको ठुलीपोखरी प्राथमिक स्वास्थ्य केन्द्रका प्रमुख राजन लामिछानेले थर्मल गन र विभिन्न सामग्रीको अभावको कारण बिरामी जाँच्न तथा उपचार गर्न समस्या परेको गुनासो गर्नुभयो । अहिले कुश्मा नगरपालिका भित्र जम्मा तीन ओटा थर्मल गन रहेको नगरपालिकाका स्वास्थ्य शाखाका सिनियर अहेव याम प्रसाद शर्माले बताउनुभयो । थर्मल गन नभएकाले ज्वँरो समेत नाप्न कठिन भएको बिहादी गाउँपालिकाका अध्यक्ष कमल भुषालले बताउनुभयो । त्यस्तै कोरोना सङ्क्रमण फैलिएको अवस्थामा लकडाउन उल्लङ्घन गरेर मर्निङ वाकमा निस्केकाहरूलाई पर्वत प्रहरीले नियन्त्रणमा लिन सुरू गरेको छ । अत्यावश्यक काम बाहेक सडकमा ननिस्कन र निस्केमा प्रचलित कानून अनुसार कारवाही गर्ने चेतावनी प्रशासनले दिएको छ ।

**इन्सेक तनहुँ जिल्ला प्रतिनिधि प्रकाशचन्द्र भट्टराई**का अनुसार तनहुँमा वैशाख ९ गते सम्म ५ सय ५१ जनाको र्‍यापीड डाइगनोष्टिक टेष्ट किटबाट कोरोना परीक्षण गरिएको छ । स्वास्थ्य कार्यालय तनहुँका प्रमुख शंकरबाबु अधिकारीका अनुसार अहिलेसम्म परीक्षण गरिएका सबैको रिर्पोट नेगेटिभ आएको छ । उहाँले वैशाख ९ गते सम्म १६ जनाको स्वाब परीक्षण गरिएको र सबै रिर्पोट नेगेटिभ आएको जानकारी दिनुभयो ।

**इन्सेक म्याग्दी जिल्ला प्रतिनिधि अमृतप्रसाद पौडेल**का अनुसार वैशाख ९ गते एक जनाको स्वाब परीक्षणको लागि पठाइएको छ भने रिपोर्ट आउन बाँकी रहेको छ । हाल सम्म म्याग्दी जिल्लामा १ सय ५० जनाको र्‍यापीड टेष्ट गरिएको छ र सबैको रिपोर्ट नेगेटिभ आएको बेनी अस्पतालका ल्याब टेक्निसियन ध्रुव गिरीले बताउनुभयो ।
म्याग्दी जिल्लाका ६ ओटा स्थानीयतहले कोरोना कोषमा तीन करोड रुपियाँ छुट्याएका छन् । कोषमा सबैभन्दा धेरै एक करोड रुपियाँ बेनी नगरपालिकाले सहयोग गरेको छ ।

**इन्सेक लमजुङ जिल्ला प्रतिनिधि दलबहादुर मजाकोटी**का अनुसार वैशाख ९ गते जिल्लाका विभिन्न स्थानमा रहेका फिभर क्लिनिकबाट ३६ जनाले सेवा लिएका छन् र १८ जनाको र्‍यापीड डाइगनोष्टिक टेष्ट गरिएको छ । क्होलासोथारगा गाउँपालिकाको क्वारेण्टाइनमा थप आठ जनालाई राखिएको छ् । हालसम्म जिल्लामा २ सय ३ जनाको र्‍यापीड डाइगनोष्टिक टेष्ट किटबाट कोरोना परीक्षण गरिएको छ ।

**इन्सेक गण्डकी प्रदेश कार्यालय, पोखरा**